गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०८/०५)

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.११२३ मिति २०८३/०७/०९ गतेको बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका असना, कचनार, कुसुम, कालिकाठ, जामुन, दबदबे, प्यार, बर्रो, बाँझी, र साल जातका गोलिया थान ३११ को ११७९.०८ घन फीट काठ र साल जातको दाउरा ५ चट्टा र अन्य जातको दाउरा ५ चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनमा सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ।

अध्यक्ष

श्री कर्णैराजा सामुदायिक वन उपभोक्ता समुह

राप्तीसोनारी गा.पा. वडा नं. ५, बाँके